प्रतिदिन
१६औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १९४ ॥ २०८१ भाद्र ०९ गते आईतबार (25thAug 2024 Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-

कोशीमा मन्त्रालय विभाजनबारे मुख्यमन्त्री र कांग्रेसबिच विवाद

झापा(प्रस) । नेपाली कांग्रेसले कोशी प्रदेश सरकारमा सहभागी हुन मन्त्रालय विभाजन हुनुपर्ने औपचारिक प्रस्ताव एमालेसमक्ष गरेको छ । एमालेले भने मन्त्रालय विभाजनको लागि औचित्य पुष्टि हुनुपर्ने र एक जना व्यक्तिको चाहनालाई पूरा गर्न मन्त्रालय विभाजन गर्न नहुने अडान राखेको छ ।

कोशी प्रदेशमा हाल मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसहित ९ वटा मन्त्रालय छन् । ४० सांसद रहेको नेकपा एमालेले मुख्यमन्त्रीसहित ५ वटा मन्त्रालय लिने र २९ जना सांसद रहेको नेपाली कांग्रेसले ४ वटा मन्त्रालय लिने विषयमा दुई पार्टीबिच यसअघि नै सहमति भइसकेको छ ।

सहमति अनुसार एमालेले मुख्यमन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी, सिँचाइ तथा उर्जा मन्त्रालय, सामाजिक विकास मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा मन्त्री नियुक्त गरिसकेको छ ।

तर, कांग्रेसको भागमा परेका भौतिक पूर्वाधार विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, पर्यटन वन तथा वातावरण मन्त्रालय र उद्योग, कृषि तथा सहकारी मन्त्रालय अहिलेसम्म मन्त्रीविहीन छन् ।

गुटगत विवादका कारण आफ्नो भागमा परेका ४ मन्त्रालयमा कांग्रेसले मन्त्रीको नाम पठाउन सकेको छैन । कांग्रेसले २ वटा मन्त्रालय विभाजन गर्नुपर्ने प्रस्ताव राख्न थालेको छ । नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापाले मन्त्रालय संख्या ११ वटा पुऱ्याउनु पर्ने आफ्नो पार्टीको प्रस्ताव रहेको बताए । उनले भने, 'यो नेपाली कांग्रेसको प्रस्ताव हो । कोशी प्रदेशमा मन्त्रालय सन्तुलित छैनन् । सहरी विकास र भौतिक पूर्वाधार एउटै मन्त्रालय छ । ५० प्रतिशत बजेट त्यही मन्त्रालयमा छ । बाँकी मन्त्रालयले ५० प्रतिशत बजेटले काम गर्नुपर्ने अवस्था छ ।'

यस्तै, आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा कानुन, यातायात लगायत भएभरका मन्त्रालय खाँदेर काम गर्न सक्ने अवस्था नरहेको उनले बताए । उनले मन्त्रालय विभाजन गर्नुपर्ने कारण खुलाउँदै भने, 'मन्त्रालयमा बजेट सन्तुलन छैन । बजेटमा सन्तुलन नभएपछि सरकारले जनतालाई डेलिभरी दिन सक्दैन । त्यसले गर्दा हाम्रो प्रस्तावमात्रै हो ।'

थापाले कांग्रेस र एमाले मिलेर बनेको वर्तमान सरकार स्थायी सरकार भएकाले यो सरकारले सुशासन र समृद्धि दिनसक्नु पर्ने तर, असन्तुलित मन्त्रालय र बजेटको वितरणले सुशासन दिन नसक्ने जिकिर गरे । 'यो सरकारले सुशासन र समृद्धि दिनुपर्छ । जनताको चाहना अनुसार अगाडि बढ्नु पर्छ । त्यो गर्नका लागि मन्त्रालयमा सन्तुलन चाहिन्छ । मन्त्रालयमा सन्तुलन भएन भने सरकारले सफल ढङ्गले काम गर्न सक्दैन,' थापाले भने, 'त्यसैले वर्तमान अवस्थाको मन्त्रीमण्डल स्थायी बनेता पनि त्यो सरकारले जनअपेक्षा अनुसार काम गर्न सक्दैन । त्यसले गर्दा हाम्रो प्रस्ताव सन्तुलित बजेटसहितको मन्त्रालय बनाउनुपर्छ भन्नेमात्र हो ।'

कोशी प्रदेशका मुख्यमन्त्री तथा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले भने मन्त्रालय फुटाउनका लागि औचित्य स्थापित हुनुपर्नेमा जोड दिएका छन् ।

थापाले आफ्नो पार्टीको प्रस्तावलाई मान्नै पर्छ भन्ने नभएको पनि बताए । 'यो विषयमा सम्माननीय प्रधानमन्त्रीज्यू र नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्रीबिच छलफल र कुराकानी भइरहेको छ । चाँडै नै यो विषय टुङ्गिन्छ र हामी कुनै एउटा विकल्पसहित आउँछौं,' थापाले भने, 'या त मन्त्रालय फुटाएर या दुई वटा राज्यमन्त्री थपेर या पुरानै संरचनामा जे जस्तो हुन्छ त्यही हिसाबले हामी सरकारमा जान्छौं । १४ गतेको प्रदेशसभाको बैठकमा कांग्रेसका मन्त्रीसहित उपस्थित हुन्छ ।'

यसअघि हिक्मतकुमार कार्की नेतृत्वको सरकारले मन्त्रालयको संरचना घटाउँदा पनि बजेट सन्तुलन कायम गर्नेतिर ध्यान दिन नसकेको उनले बताए । 'हामीले प्रदेशको व्ययभारलाई हटाउने मन्त्रीमण्डलको संख्या सानो बनाउने भनेर राम्रो काम गर्न खोजिएको त हो । तर, मन्त्रालय मर्ज गर्ने बेलामा त्यतातिर ध्यान पुगेन,' थापाले भने ।

उता, कोशी प्रदेशका मुख्यमन्त्री तथा एमाले संसदीय दलका नेता हिक्मतकुमार

❖ बाँकी अन्तिम पृष्ठमा

ट्युवेलमा भेटियो बृद्धको कुहिएको शव

झापा(प्रस) । झापाको गौरीगञ्जमा एक बृद्धको कुहिएको शव फेला परेको छ । गौरीगञ्ज गाउँपालिका ३ कृपाल टोलका राजेश सरवरिया मण्डलको घरमा बस्दै आएका ७० वर्षीय दयानन्द सरवरिया मण्डलको शव फेला परेको हो । घरको पूर्वपट्टि कदमको रुखमुनि रहेको ट्युवेलमा मण्डल मृत अवस्थामा फेला परेका हुन् । उनको शव किरा परेर गन्हाउने अवस्थामा देखेर स्थानीयले शनिवार बिहान ८:४५ बजे इलाका प्रहरी कार्यालय गौरीगञ्जमा खबर गरेका थिए ।

इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामचन्द्र शाह ,वडा नं.३ का अध्यक्ष श्रवण गिरी, स्थानीय जनप्रतिनिधिको रोहबरमा शवलाई मुचुल्का प्रकिया पुरा गरी पोस्टमार्टमका लागि दमक लगिएको जनाइएको छ ।

४-५ दिन अगाडी मण्डलको मृत्यु भएको हुनसक्ने शवको स्थितिबाट देखिएको छ । मण्डल दिनहुँ रक्सी खाएर हिड्ने गरेको स्थानीयले बताएका छन् ।

शिवसताक्षीमा बाँस झ्याङको टुप्पोमा अजिङ्गर

शिवगञ्ज(प्रस) । झापाको शिवसताक्षीमा अजिङ्गर फेला परेको छ। शनिवार बिहान ११ बजेतिर अजिङ्गर फेला परेको डिभिजन वन कार्यालय झापाले जनाएको छ। स्थानीय वडा नम्बर ६ को शिवालय मन्दिर पूर्वतर्फको बाँस झ्याङको टुप्पोमा करिव ९ फिट लामो वयस्क अजिङ्गर फेला परेको हो ।

बाख्रालाई बाँसको घाँस काट्न जाने स्थानीयले बाँसको टुप्पोमा अनौठो प्रजातिको सर्पजस्तै अजिङ्गर देखेपछि हल्लाखल्ला भएको थियो। सो ठाउँमा यतिबेला डिभिजन वन कार्यालय झापा, सेक्टर वन कार्यालय दमक, इलाका प्रहरी कार्यालय शिवगञ्ज, शिवसताक्षी नगरपालिका वडा नम्बर ६ का जनप्रतिनिधिलगायत सयौंको संख्यामा स्थानीयवासी पुगेका थिए । बाँसको टुप्पोमा रहेको अजिङ्गरलाई सकुशल उद्धार गरी वन कार्यालयले लिएर गएको इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक अनिश बुढाथोकीले बताए । यसअघि गत साउन २३ बिर्तामोड नगरपालिका वडा नं. ७ डाँडागाउँका रत्न कार्कीको स्टोर रुममा अजिङ्गर भेटिएको थियो ।

त्यस्तै साउन २ गते भद्रपुर नगरपालिका वडा न. ९ सिम्रिभिट्टा बस्ने प्रकाश जनक शाहीको गाईगोठमा अजिङ्गर सर्प भेटिएको थियो । योसहित यस आर्थिक वर्षमा झापामा तीनवटा अजिङ्गगर फेला परिसकेको छ । गत आर्थिक वर्षमा १८ वटा अजिङ्गर फेला परेको वन कार्यालयले जनाएको छ ।

LINCOLN
Approved by Ministry of Education, Nepal
T.U Equivalent Degrees
Globally Recognized Courses
MBA 2 years program
BBA 4 years program
BHM 4 years program
BIT 4 years program
ADMISSION OPEN
International Degree at your Door Step
www.lincolnbalmiki.edu.np
Balmiki LINCOLN COLLEGE
Bitramod, Jhapa, Nepal
023-542373, 9815999988

लायन्स क्लब झापाको एरिया सम्मेलन सम्पन्न

भद्रपुर(प्रस) । लायन्स क्लब अफ झापाको एक नम्वर एरिया सम्मेलन भद्रपुरमा सम्पन्न भएको छ ।

लायन्स क्लब अफ भद्रपुरको संयोजनमा माइपूर्व रहेका लायन्स क्लबहरूको एरिया सम्मेलन भद्रपुरमा सम्पन्न भएको हो । लायन्स क्लब अफ भद्रपुरकी अध्यक्ष शर्मिला अधिकारीको अध्यक्षता तथा डिष्ट्रिक गभर्नर विकास अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न सम्मेलनमा सन् २०२४/०२५ का लागि नयाँ सदस्यता लिएका सदस्य तथा नयाँ समितिका पदाधिकारीबिचमा चिनजानसमेत गराइएको थियो भने सन् २०२३/०२४ का पदाधिकारीले आफ्नो कार्यकालमा गरेका कार्यविवरण प्रस्तुत गरेका थिए ।

लायन्स क्लब अफ भद्रपुरका पूर्व अध्यक्ष तथा उद्योग संघ झापाका अध्यक्ष यमबहादुर श्रेष्ठले कृष्णद्वैपायन गुरूकुल भद्रपुरका वटुकहरूलाई आमाको सम्झनामा पोशाक प्रदान गरेका थिए । सम्मेलनमा एक नम्वर एरियामा रहेका ८ वटा लायन्स क्लबमध्ये ७ वटा लायन्स क्लबहरूले सहभागिता जनाएका थिए ।

सुनकोशीमा हाइलक्स गाडी खस्दा तीन बेपत्ता

झापा(प्रस) । खोटाङ हलेसीबाट काठमाडौंतर्फ जाँदै गरेको इसुजु हाइलक्स गाडी मध्यपहाडी लोकमार्गअन्तर्गत सिन्धुलीको गोलन्जोर गाउँपालिका-१ कुँडुले नजिकबाट शनिबार साँझ सुनकोशी नदीमा खस्दा तीन यात्रु बेपत्ता भएका छन् । हाम फालेका एक जना घाइते छन् ।

सिन्धुली प्रहरीका अनुसार हाइलक्समा सवार ४ मध्ये नदीमा खस्दा तीन यात्रु बेपत्ता भएका हुन् । हाम फालेर जोगिएका भक्तपुर सूर्यविनायक नगरपालिका जगातीका २७ वर्षीय सुशान्त कक्षपतीले घटनाबारे प्रहरीलाई जानकारी गराएका थिए । घाइते कक्षपतीको सुनकोशी सामुदायिक अस्पताल खुर्कोटमा उपचार भइरहेको छ ।

सुनकोशीमा खसेर बेपत्ता हुनेहरुमा भक्तपुर सूर्यविनायक नगरपालिका जगातीका वर्ष ३२ का चालक अविन बडे, ३० वर्षीय प्रनित स्यागु र ३७ वर्षीय बलराम घटुवा रहेका छन् ।

सुनकोशीको बहाव बढिरहेकाले बेपत्ताको खोजबिनका लागि सशस्त्रको गोताखोर परिचालन भएको सिन्धुली प्रहरीका प्रमुख एसपी गोविन्दराज काफ्लेले बताए ।

हतकडी फुस्काई फरार थुनुवा बसपार्कमा समातिए

बिर्तामोड(प्रस) ।चार दिनअघि हतकडी फुस्काई फरार भएका इलाका प्रहरी कार्यालय बिर्तामोडका थुनुवा शनिवार पक्राउ परेका छन् ।

अर्जुनधारा ११ स्थित नयाँ बसपार्कमा रहेको घिसिङ मोटरसाइकल ग्यारेज छेउको चिया पसलको भित्रपट्टी चुरोट खाई बसिरहेको अबस्थामा उनलाई बिहान ११ बजेतिर पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

गत मंगलवार दिउँसो उपचारका लागि बिर्तासिटी अस्पताल लगिएका थुनुवा २५ वर्षीय बिशाल राई हतकडी फुस्काई फरार भएका थिए । दिउँसो ४ बजे पेट दुख्ने बिरामी भई बिर्तामोडस्थित बिर्तासिटी अस्पतालमा बेड भर्ना भई उपचार भइरहेका दमक नगरपालिका वडा न.३ भुटानी शरणार्थी सेक्टर जी थ्री भई हाल न.१ मा डेरा गरी बस्ने राई हतकडी फुस्काई फरार भएपछि खोजी कार्य तीब्र पारिएको थियो । उनको खोजीका लागि जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयको टोली चार दिनदेखि खटिएको थियो ।

झापा गाउँपालिकाको सार्वजनिक सुनुवाईमा दोहोरी

कुमरखोद(प्रस) । झापा गाउँपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा दोहोरी चल्यो । जनप्रतिनिधिहरुले सर्वसाधारण जनताको जिज्ञाशाको जवाफ दिन सार्वजनिक सुनुवाई आयोजना गरिएकोमा राजनीतिक दलहरुबीच नै दोहोरी चलेको देखियो । कोही जनप्रतिनिधिहरुको विरुद्धमा उत्रिए भने कोही समर्थनमा देखिए । राष्ट्रिय स्वतन्त्र पार्टीका गाउँ सभापति लक्ष्मण तिवारीले झापा गाउँपालिकाले विकासको नाममा केही पनि काम नगरेको आरोप लगाए । समयमा किसानलाई बीउविजन उपलब्ध नगराएको , शैक्षिक सुधारका कार्यक्रमहरु ल्याउन नसकेको उनको गुनासो थियो । त्यसैगरी नेकपा माओवादीका प्रतिनिधि ज्यावुल हकले झापा गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधिहरु आफ्नो इच्छाले काम नगरी स्थानीय छाँया सरकारको इशारामा काम गरेको गुनासो गरे । त्यसैगरी नेकपा एमालेका गाउँ कमिटी उपाध्यक्ष माधवकुमार पोखे्रलले गाउँपालिकामा रहेका विभिन्न समस्याहरु औल्याए । स्वास्थ्य , शिक्षाको समस्यासंगै गुणस्तरीय कालोपत्रे निर्माण नभएको , कृषिको लागि बीउवीजन र सिंचाईको लागि बिजुली , गरिव विपन्न परिवारलाई स्वास्थ्य विमाको व्यवस्था नभएको उनले बताए । त्यसैगरी लोकतन्त्र समाजवादी पार्टी गाउँ कमिटी अध्यक्ष प्रभु नारायण यादवले स्वास्थ्य ,शिक्षा , खानेपानीको समस्यासंगै कृषकलाई समयमा बीउविजन र रासायनिक मल उपलब्ध नगराएको गुनासो गरेका थिए । तर, अगुवा कृषक चन्द्र बस्नेतले झापा गाउँपालिकालाई उज्यालो गाउँपालिका , खुल्ला दिशामुक्त क्षेत्र , पालिकाभरि कालोपत्रे, निःशुल्क शिक्षा , सातवटै वडामा स्वास्थ्य केन्द्र स्थापना गरेर जनप्रतिनिधिहरुले राम्रो काम गरेको बताए । यसैगरी नेपाली काँग्रेसका नेता टंक विश्वकर्माले पनि झापा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीले जनताको हितमा काम गरेको भन्दै प्रशंसा गरेका थिए । त्यस्तै झापा गाउँपालिका उद्योग वाणिज्य संघका अध्यक्ष ठोमनाथ नेपालले अरु पालिकाको तुलनामा झापा गाउँपालिकामा वढी विकास भएको दावी गरेका थिए ।

झापा गाउँपालिकामा वर्षभरि संचालन भएका योजना तथा कार्यक्रम र आयव्ययको विषयमा सार्वजनिक सुनुवाई भएको हो । पालिकाका सबै शाखा प्रमुखले वार्षिक प्रतिवेदन प्रस्तुत गरेपछि प्रतिवेदन र पालिकाको सेवा प्रवाहको विषयमा सहभागीहरुले जिज्ञाशा राखेका थिए । कार्यक्रममा कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलिया ,प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलिया, वडा नं १ का अध्यक्ष राजकुमार यादव , वडा नं. २ का हिमालकुमार चम्लागाई , वडा नं. ३ का सुभाषलाल गणेश , वडा नं ४ का ताहिर मुल्वी , वडा नं. ६ का नविनकिशोर थापा , नेपाली काग्रेस झापा गाउँपालिका सभापति सागीरथप्रसाद गणेश , न्यायिक समिति सदस्य राजकुमार कोच , दिलिप विश्वकर्मा , जगन्नाथ राजवंशीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन प्रशासन शाखा प्रमुख युवराज कोइरालाले गरेका थिए भने प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलियाले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रमका सहभागीहरुले उठाएका प्रश्नको कार्यवाहक अध्यक्ष थपलियाले जवाफ दिएकी थिइन् ।

बिर्तामोड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

राष्ट्रिय परिचयपत्र विवरण दर्ता समय तालिका बारे अत्यन्त जरूरी सूचना

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने, पेन्सन प्राप्त गर्ने तथा राष्ट्रिय परिचयपत्र विवरण दर्ता गर्न योग्य नगरबासीहरुका लागि तपशिलको मिति, स्थान र समयमा राष्ट्रिय परिचयपत्र दर्ता अभियान सञ्चालन हुने हुदाँ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

वडा नं.	मिति देखि	मिति सम्म	दर्ता हुने स्थान	सेवा प्रवाह प्रकार	कैफियत
१ र ६	२०८१ भदौ ४ गते	२०८१ भदौ ९ गते	नगरपालिका कार्यालय	अनलाइन	आवश्कता अनुसार अर्को सूचना प्रकाशन गर्न सकिनेछ ।
२ र ७	२०८१ भदौ १२ गते	२०८१ भदौ १७ गते	नगरपालिका कार्यालय	अनलाइन	
३ र ८	२०८१ भदौ १८ गते	२०८१ भदौ २१ गते	नगरपालिका कार्यालय	अनलाइन	
४ र ९	२०८१ भदौ २३ गते	२०८१ भदौ २६ गते	नगरपालिका कार्यालय	अनलाइन	
५ र १०	२०८१ भदौ २७ गते	२०८१ भदौ ३१ गते	नगरपालिका कार्यालय	अनलाइन	

- **समय : कार्यालय समयभित्र** (बिदाको दिन दर्ता अभियान बन्द रहेन छ ।)
- **सामाजिक सुरक्षा भत्ता र पेन्सन प्राप्त गर्नेहरुलाई पहिलो प्राथमिकतामा राखिने छ ।**

पुनश्च : बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असहाय वा ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको हकमा परिचयपत्रमा विवरण दर्ता नभए पनि सामाजिक सुरक्षा भत्ता लिन बाधा नपर्ने व्यहोरा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०८१।०२।३० गतेको सूचना अनुसार जानकारी गराइन्छ ।

आवश्यक कागजातहरु (सबै कागजातहरु सक्कल हुनु पर्ने छ अन्यथा विवरण दर्ता गरिने छैन ।)

सक्कल नागरिकता, विवाह भएको हकमा सक्कल विवाह दर्ता, बसाईसराईको हकमा सक्कल बसाईसराई दर्ता, विदुर / एकल महिलाको हकमा सक्कल मृत्यु दर्ता, सक्कल सामाजिक सुरक्षा भत्ता कार्ड, सक्कल पेन्सन पट्टा ।

बोधार्थ :
वडा कार्यालय सबै :- प्रचार प्रसार गरिदिनु हुन ।
सूचना प्रविधि शाखा :- वेबसाइटमा राखिदिनु हुन ।

राधा कृष्ण खतिवडा
प्रमुख प्रशासकिय अधिकृत

पिकअप दुर्घटनामा एकको मृत्यु,तीन घाइते

झापा(प्रस) । धनकुटाको साँगुरीगढी ६ मुक्तेनमा शुक्रवार राति पिकअप दुर्घटनामा एक जनाको मृत्यु भएको छ । अन्य तीन जना घाइते भएका छन् ।

मृत्यु हुनेमा साँगुरीगढी ६ का ३८ वर्षीय निरबहादुर मगर रहेको प्रहरीले जनाएको छ । मगरको घटनास्थलमा नै मृत्यु भएको जनाइएको छ । मुक्तेनबाट नाम्जेतर्फ जाँदै गरेको को.२ च ११०५ नम्बरको पिकअप राति ९:१५ बजे दुर्घटनामा परेको प्रहरीको भनाई छ ।

पिकअपमा सवार ३४ वर्षीय राजकुमार मगर, ३९ वर्षीया मिना मगर र उनकी ६ वर्षीया छोरी श्रेया मगर घाइते भएका छन् । घाइतेहरुको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ ।

पिकअप चालक उदयपुरका अमिर मगरलाई इलाका प्रहरी कार्यालय भेडेटारले नियन्त्रणमा लिएको छ । उक्त गाडी सडकबाट करिब ७० मिटर तल खसेको इलाका प्रहरी कार्यालय भेडेटारका इन्चार्ज रमेश प्रधानले जानकारी दिएका छन् ।

कोशीमा...

कार्कीले भने मन्त्रालय फुटाउनका लागि औचित्य स्थापित हुनुपर्नेमा जोड दिएका छन् । 'म मुख्यमन्त्री छु । मेरो र उहाँ (उद्धव थापा)को बिचमा केही कुराकानी भएको छैन । उहाँले मात्रै मन्त्रालय फुटाउने कुरा हुँदैन होला,' उनले भने, ' फुटाउनु पर्ने औचित्य आवश्यकता के हो ? केका लागि किन भन्ने हो । एउटा मान्छे मेनेजमेन्ट गर्दा कांग्रेसका सबै २९ जना या हाम्रो पार्टीको ४० जना नै मेनेजमेन्ट हुँदैनन् ।'

मुख्यमन्त्री कार्कीका अनुसार प्रदेश संरचनाप्रति जनताले हेर्ने दृष्टिकोणको आधारमा पनि गलत छ । कार्यक्षमता (वर्कलोड) पनि त्यति नभएकाले मन्त्रालय फुटाउनु आवश्यक छैन भन्ने आफ्नो बुझाइ रहेको उनले बताए । उनले भने, ' मन्त्रालय फुटाउने कुरामा मेरो सहमति हुँदैन । त्यो सम्भव होला जस्तो मलाई लाग्दैन ।'

साउन ११ गते नै माओवादी केन्द्र भने सरकारबाट फिर्ता आइसकेको छ । कांग्रेसको भागमा परेको ४ मन्त्रालयमध्ये पार्टी सभापति शेरबहादुर देउवाले भने संस्थापन समूहलाई २, नेता कोइराला समूहलाई १ र नेता कृष्णप्रसाद सिटौला समूहलाई १ मन्त्रालय दिने तयारी गरेका थिए ।

कांग्रेसले एक महिना अगाडिदेखि नाम दिन्छु-दिन्छु भनेर नदिँदा मन्त्रीमण्डल विस्तारमा ढिलाइ भएको कार्कीको भनाइ छ । ' कांग्रेसका साथीहरूले १ महिना पुग्न लागिसक्यो, नाम दिनु भएको छैन । अब जहिले नाम दिनुहुन्छ, त्यही बेला मन्त्रीमण्डल विस्तार हुन्छ । उहाँहरूले नाम दिनुभएको दिन टुङ्गिन्छ । दिनुभएन भने पनि चल्दै जान्छ ।'

उता, कोशी प्रदेश सरकारमा सहभागी हुनका लागि नेपाली कांग्रेसका नेता डाक्टर शेखर कोइराला समूहले दुई वटा मन्त्रालय पाउनु पर्ने माग गरेको छ । डाक्टर कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले सुदूरपश्चिम सरकारमा पार्टी सभापतिले आफ्नो समूहलाई सरकारमा सहभागी नगराएपछि कोशीको सरकारबारे देउवासँग कुनै कुरा नभएको बताए । दुई जना मन्त्री मागेको विषय सत्य भए पनि अहिले थप कुरा सभापतिसँग नभएको थपलियाले बताए । गत असार १७ गते भएको दुई पार्टीबिचको सहमति अनुसार कोशी प्रदेशमा एमाले नेतृत्वको सरकारलाई नै निरन्तरता दिँदै कांग्रेस सरकारमा सहभागी हुन लागेको हो ।

यसअघि साउन ११ गते नै माओवादी केन्द्र भने सरकारबाट फिर्ता आइसकेको छ । कांग्रेसको भागमा परेको ४ मन्त्रालयमध्ये पार्टी सभापति शेरबहादुर देउवाले भने संस्थापन समूहलाई २, नेता कोइराला समूहलाई १ र नेता कृष्णप्रसाद सिटौला समूहलाई १ मन्त्रालय दिने तयारी गरेका थिए ।

कर्णाली वचत तथा ऋण सहकारी संस्था लि.
विर्तामोड-४, झापा

धितोमा रहेको अचलसम्पत्ति लिलाम विक्री गरिने बारेको ३५ दिने अत्यन्तै जरुरी सार्वजनिक सूचना
प्रकाशन मिति - २०८१/०५/०९

तपशिलमा उल्लेखित. ऋणी सदस्यहरुले यस संस्थाबाट लिएको कर्जाको साँवा तथा सोको व्याज, हर्जाना तथा अन्य दै दस्तुर रकम समेत संस्थासँग गरेको शर्त सम्झौता बमोजिम तिर्नुपर्ने बुझाउनु पर्नेमा नतिरी/नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गरेको र संस्थाले पटक पटक लिखित, मौखिक एवं स्थलगत भेटघाट आदिबाट तारताकेता गर्दा समेत भुक्तानी गर्न नआएकोले लिएको कर्जा चुक्ता गर्न आउने बारेको राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा आजका मितिसम्म पनि चुक्ता गर्न नआएकोले तपशिल बमोजिमको कर्जा सुरक्षण वापत यस संस्थामा रहेको अचल सम्पतिको लिलाम विक्रीका लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई तिर्नु बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्न आउनुहुन अनुरोध गरिन्छ । सो अवधिभित्र पनि कर्जा चुक्ता भुक्तान नगरेमा तपशिलको मिति र स्थानमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको बचत तथा ऋण कार्यविधि २०७८ तथा प्रचलित नियम कानुन बमोजिम धितोमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति लिलाम विक्री गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा यसै सूचनामार्फत सम्बन्धित ऋणी सदस्य, जग्गाधनी, साक्षी एवम् धनजमानी बसिदिने व्यक्तिहरु तथा सम्बन्धित अन्य सबै पक्षहरुलाई जानकारी गराइन्छ । साथै तपशिल बमोजिमको सुरक्षण बापतको सम्पत्ति जे जस्तो अवस्थामा छ सो अवस्थामा लिलाम बिक्री गरी कर्जा असुल उपर गर्नुपर्ने भएकोले सो लिलाम बिक्रीमा उक्त सम्पत्ति सकार गरी लिन इच्छुक संघ संस्था, कम्पनी तथा महानुभावहरुलाई समेत जानकारीको लागि अनुरोध गरिन्छ । कथम्कदाचित धितोमा रहेको तपशिलमा उल्लेखित अचल सम्पत्तिबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर हुन नसकेमा नियम अनुसार ऋणी,जमानीकर्ता र निजका एका सगोलका परिवारका सदस्यहरुको नाममा रहेको अन्य चलअचल सम्पत्तिबाट असुल उपर गरिनेछ ।

क्र.सं.	ऋणीको नाम	ठेगाना	ना.प्र.नं.	जग्गाधनीको बिवरण	धितो रहेको जग्गाको ठेगाना	कि.नं.	क्षेत्रफल	सेवाकेन्द्र	मिति २०८१/०५/०८ सम्मको तिर्न बाँकीरकम
१	ऋणी-मनबहादुर बेघा बाबु- बलराज लिम्बु बाजे- लालबहादुर लिम्बु	शिवसताक्षी न.पा.११, झापा	८४०५	ज.ध.-मनबहादुर बेघा बाबु- बलराज लिम्बु बाजे-लालबहादुर लिम्बु	बुधबारे-५	६३३८ ६३३६ ६३३७	१६८४.६५ ब.मि १०७५.१४ ब.मि १०४९.७५ ब.मि	सुरुङ्गा	१,४९,७३,६०४.५४
					शिवगंज-४ झापा	४९३ ५९५	१२०२.१२ ब.मि १६२५.४० ब.मि		
२	ऋणी-दामोदर प्रसाद गैरापिप्ली बाबु-मदन प्रसाद गैरापिप्ली बाजे-देवी प्रसाद गैरापिप्ली	रतुवामाई न.पा.-६ मोरङ्ग	१८२४१७०१	ज.ध.-सावित्री देवी गैरापिप्ली बाबु-मित्रलाल काफले पति-मदन प्रसाद गैरापिप्ली	सिजुवा-४ मोरङ्ग	४२९	६७७.२६ ब.मि	दाम्राभिट्टा	८,३१,५३१.८९
३	ऋणी-घनश्याम पौडेल बाबु-टिकाराम पौडेल बाजे-हरि प्रसाद पौडेल	विर्तामोड न.पा-२ झापा	०४१०१३/४०६	ज.ध.-घनश्याम पौडेल बाबु- टिकाराम पौडेल बाजे- हरि प्रसाद पौडेल	चारपाने- ७ झापा	१६८५ १६८६	७८३.०३ ब.मि ३३८.६३ ब.मि	लक्ष्मीपुर	१५,९७,०३३.०४

शर्तहरु

१) यो सूचना प्रकाशन भएको ३५ दिनभित्र असुल उपर नभएमा क्र.सं. १ र ३ मा रहेको धितो बापतको जग्गा मिति २०८१ साल असोज १३ गतेका दिन विर्तामोड ४ स्थित संस्थाको कार्यालयमा र क्र.सं. २ मा रहेको जग्गा मिति २०८१ । ०६ । १५गते दिनको १२ बजेदेखि ४ बजेसम्म संस्थाको दाम्राभिट्टा सेवाकेन्द्रमा सरकारी प्रतिनिधिहरुको रोहबरमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ ।
२) लिलाममा लाग्ने सम्पूर्ण खर्च ऋणी स्वयमूले व्यहोर्नु पर्नेछ ।
३) लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्तिले आफ्नो कबुल गरेको रकमको १०% ले हुनआउने रकम नगदै धरौटीवापत तत्काल संस्थामा जम्मा गर्नुपर्नेछ । धरौटी रकममा व्याज दिइने छैन।
४) रकम कबुल गर्दा कबुल गर्ने व्यक्तिले कुनै पनि शर्त राख्न पाउने छैन ।
५) लिलाममा सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्तिलाई धितोमा रहेको सम्पत्ति विक्री गर्ने नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार संस्थासंग सुरक्षित हुनेछ ।
६) लिलामीमा भाग लिई स्वीकृति पाएको मितिले ७ दिनभित्र धरौटी बाहेकको रकम संस्थामा बुझाई सम्पत्ति नामसारी गरी नलिएमा धरौटी वापतको रकम जफत हुनेछ ।
७) सहकारी ऐन, नियमावली तथा संस्थाको वचत तथा ऋण कार्यविधि अनुसार लिलाम गर्नुपर्ने, जायजेथा लिलाम विक्री गर्दा कसैले नसकारेमा संस्था स्वयमूले नै उक्त सम्पत्तिको स्वामित्व आफूमा लिनेछ ।
८) अचल सम्पत्ति सकार गरी लिनेले दा.खा. नामसारी गर्न लाग्ने लगायतका शुल्कहरु निज स्वयमूले ब्यहोर्नुपर्नेछ ।
९) लिलाम विक्री हुने अचल सम्पत्तिहरुको सम्बन्धित कागजातहरु हेर्न चाहनुहुने महानुभावहरुले संस्थामा सम्पर्क राख्न सक्नुहुनेछ ।
१०)अन्य कुरा प्रचलित नियम कानुन अनुसार हुनेछ ।
११) धितोको न्यूनतम मूल्य लिलाम हुने दिनको ७दिन पहिले संस्थाको केन्द्रीय कार्यालय विर्तामोड-४ झापा र सम्बन्धित सेवोकेन्द्र कार्यालयमा टाँस गरिने छ ।

कर्णाली वचत तथा ऋण सहकारी संस्था लि.
विर्तामोड-४, झापा

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन
अभिव्यक्ति

कविता

आकृति

• मुकुन्द पोखेल

म तिम्रो आकृति
तस्बिर, कला, प्रतिमामा
आए पनि सौन्दर्य
र सुवासमय आओस् भन्छु ।
त्यो तिम्रो ड्रागन सौन्दर्य
फूलको गोली जस्तै
मर्म मर्म ताक्छ ।
विविधा पनि आउँछ मानिस
वस्तु र सिर्जनाकृतिमा
गिट्टीको मेरो हस्तकला
झल्किएको पनि छ
त्यो तिम्रो लालित्यमा ।
तिम्रो परिचायक सौन्दर्याकृति
मात्र हुँदैन
हुन्छन् सभ्यता, संस्कृति, व्यवहारशैली
विशेष रेखाचिह्न र सुवासमय
वैचारिक दृष्टि
विभाको बिदा सौन्दर्य जस्तै ।
यी दुईको मिलन अलि दुर्लभै छ
रोजाइ तिम्रै हो, भन्छु म
सौन्दर्य कि सुवास ?

मानिस जति धेरै पढ्छ

• राकेश कार्की

मानिस जति धेरै पढ्छ
उति धेरै उसमा घमण्ड चढ्छ
मानिस जति ठुलो पदमा पुग्छ
त्यति धेरै घमण्डको मदमा हुन्छ

अनि उसले बिर्सन्छ
म को हुँ भन्ने
तत् पश्चार्ध रत्तिभर पनि
अरूलाई नगन्ने

माथिबाट ऊ सबैलाई
तल तल देख्छ
अरूको नाम मेटाउदै
आफ्नो नाम लेख्छ

उसले बिर्सन्छ पुर्खा
उसले बिर्सन्छ संस्कार
उसले चिन्दैन उज्यालो
उसले चिन्दैन अन्धकार

बेलुन झैँ बढ्दै बढ्दै
अहङ्कारले ऊ फूल्छ
जसको कारणले ऊ बन्यो
उनीहरूलाई नै भुल्छ

आफूभन्दा जान्ने कोही
छैन जस्तो ठान्छ
सुन्दैन अर्ति उपदेश
न त बडोलाई मान्छ

मानिस जति धेरै पढ्छ
उति धेरै उसमा घमण्ड चढ्छ
मानिस जति ठुलो पदमा पुग्छ
त्यति धेरै घमण्डको मदमा हुन्छ

आफू भने त्यही स्क्रिन फुटेको मोबाइल लिएर हिँडिरहेको छु

• अर्चना घिमिरे

थाहा छैन आजभोलि के भइरहेको छ मलाई। न कोहीसँग बोल्न मन लाग्छ, न कतै हिँड्न मन। एउटा अँध्यारो कोठा प्रिय भएको छ, मान्छेको भिडमा पनि एक्लो भएझैँ लाग्छ।

भविष्य बनाउन गाउँदेखि सहर पसेको पनि तीन वर्ष लागेछ। घरबाट काठमाडौँ हिँड्ने बेलामा आमालाई 'धेरै पढेर जागिरे भएर छिटै फर्किन्छु' भनेको पनि तीन वर्ष भएछ। वर्ष फेरियो तर मेरो हाल अझै फेरिएन। उमेर बढ्दै गएपछि जिम्मेवारीको बोध हुँदो रहेछ। रहरहरू पनि बिस्तारै मर्दै गए।

साथमा मास्टर सकेको प्रमाणपत्र छ तर म अझै बेरोजगार छु। प्रमाणपत्र लिएर प्राइभेट जागिर खान नधाएको होइन मैले, अन्तरवार्तामा सोध्ने गरिन्छ- 'तपाईंले कतै काम गरेको अनुभव छैन?'

जागिर खान अवसर नै नभई अनुभव कहाँबाट ल्याउनु खै! प्राइभेट क्षेत्रमा राम्रोलाई भन्दा हाम्रोलाई भन्ने प्रविधिको अन्त्य अझै सकिएको छैन भन्ने सुनेको छु। नातावाद कृपावाद प्रविधिले पनि मैले निजी क्षेत्रमा प्रवेश गर्न नसकेको हो कि झैँ लाग्छ।

सरकारी जागिर खान प्रयास नगरेको पनि होइन। मेहनत नपुगेको हो कि भाग्यले साथ नदिएको, आफैले बुझ्न सकिरहेको छैन।

सँगैका साथी कोही विदेश गए, कोही खरिदार, कोही सुब्बा, कोही अधिकृत भए। विदेश गएका साथीले ३/४ वर्षमै काठमाडौँमा घर घडेरी जोडिसके।

सरकारी जागिर खानेको जीवन पनि राम्रै बितिरहेको छ। बाइक छ, साथमा आइफोन बोकेका छन्। आफू भने त्यही स्क्रिन फुटेको मोबाइल लिएर हिँडिरहेको छु।

बाटोमा कोही जागिरे साथी भेटेँ भने पनि तर्किएर हिँड्न मन लाग्छ। मसँगैको साथीले प्रगति गरिसके, म के मुख देखाएर बोलाउनु झैँ लाग्छ।

मन भारी हुँदा मनलाई क्षणिक शान्त पार्ने माध्यम मोबाइल भएको छ। यसो फेसबुक हेर्छु, हेरेको १० मिनेटपछि वाक्क लाग्छ। जता हेरे नि बधाई छ, प्रगति गरेकोमा भन्ने पोस्ट मात्र आइरहेको हुन्छ।

बाटोमा हिँड्दा कोही आफन्त भेटेँ भने पनि तर्किएर हिँड्न मन लाग्छ। के गर्नु आफन्तसँग बोलेर पनि, हालखबरभन्दा नि कि त 'बिहे कहिले गर्ने? कि के गर्दै छौ? पेसा के छ?' भनेर सोध्ने गर्छन्। सबै आफन्तको प्रश्नको जवाफ मसँग मौनता बाहेक अरू केही छैन। त्यसैले बोल्नुभन्दा तर्किएर हिँड्न मन लाग्छ।

मन भारी हुँदा यही अँध्यारो कोठालाई गुनासो पोखेर मन शान्त पार्ने गर्छु। असल मित्र एक्लोपन भएको छ।

दिन यसै प्रगति बेगर बितिरहेको छ।

काठमाडौँको महँगी उस्तै, दिन कटाउन पनि म बेरोजगारलाई चर्को परिरहेको छ। महिना बित्ने बित्तिकै घरबेटीको कोठा भाडा कसरी तिर्ने भन्ने पिर पर्छ।

खाना खाने चामल कोठामा नहुँदा एउटा चाउचाउमा रात दिन कटाउँदा एक दिन त अवश्य मेरो जिन्दगीमा उज्यालो आउँछ भन्ने आशामा कति बिते बिते।

काठमाडौँ सहर सपनाको सहर भन्ने गरिन्छ। यहाँ मान्छेहरूको कमी छैन तर आफूलाई दुःख पर्दा आँसु पुछिदिने साथी पनि त छैन। कसैलाई कसैको वास्ता पनि छैन। यहाँ एउटै घरमा कोठा बस्ने मान्छे को कहिले आउँछ जान्छ समेत थाहा हुँदैन।

गरिब किसानको छोराछोरी टिक्न धेरै गाह्रो, लाग्छ हामी गरिबको लागि यो सहर बनेको होइन। अभाव जिम्मेवारीको बोध हुन थालेपछि घरमा पैसा माग्न पनि लाज लाग्दो रहेछ।

यो समाजमा छोरी मान्छेलाई हेर्ने नजर फेरि बेग्लै हुने रहेछ। २२ वर्षको हुन पाएको छैन बिहेको कुरा चलिहाल्छ। बेलैमा बिहे गरे हुने हो, फेरि उमेर बढ्दै गएपछि पछि बिहे नहोला नि भनेर घरमा आफन्तले दबाब दिन थालिहाल्छन्।

मनमै कल्पिने गर्छु, बिहे गरेर गएपछि अरूको घरलाई मैले आफ्नो घर बनाउनु पर्छ। जिम्मेवारी थपिएर आउँछ। फेरि सबै नबुझ्ने त नहोलान् तर सबै बुझ्ने पनि हुन्छन् जस्तो लाग्दैन। बुहारीले पनि छोरी झैँ पढ्नु पर्छ भन्ने घर परिवार कमै मात्रामा भेटिन्छ। कतै मैले लिएको उद्देश्यमा पुग्न तय गरेको यात्रा बिचमा रोकिने हो कि झैँ लाग्छ।

फेरि आफैले आफैलाई सुझाव दिने गर्छु, होइन अहिले बिहेको कुरा गर्नु हुँदैन। राख् सिरानीमुनि मास्टर सकेको प्रमाण पत्र अनि हिँड् अब खाडी मुलुक। राम्रो देश जान पैसा पनि त छैन, बरु खाडी मुलुक नै हिँड्।

अनि फेरि देख्छु ती बाटो हिँडिरहेका विशेष व्यक्तिहरू जो आँखा, हात-खुट्टा नभएर पनि एउटा लौरो, ह्विलचियरको सहारामा आफ्नो यात्रा तय गरिरहेका छन्। मेरो त हात खुट्टा छन्, आँखा देख्छु। म कसरी हार मान्नु! मेरो सफलता हेर्न पर्खिनु भएको आमा बुवाको आशा मैले कसरी मार्नु!

अब जेसुकै होस्, जस्तोसुकै परिस्थिति होस् म हार मान्दिनँ। यात्रामा काँडा देखेर बाटो फेर्दिनँ। म काँडा पन्छाएर हिँड्छु र अघि बढ्छु। एक दिन मेरो मेहनत देखेर परिस्थितिले पनि झुक्नै पर्छ। अरूको छोराछोरीले प्रगति गर्दा र मेरो प्रगति नहुँदा खिन्न भएको आमाको मनलाई एक दिन म अवश्य खुसी पार्ने छु।

मेरो पनि लभ परेको हो कि !

• सुनिल ढकाल

ऊ बेला सरम मात्र हो र, डर पनि लाग्थ्यो। यो त त्यो केटीसँग बोल्छ रे नि, त्यो केटी नि बोल्छे रे योसँग त। यस्ता कुरा अरूका त खुब सुन्न पाइयो। आफ्नो त न सुन्न पाइयो न सुनाउनै।

केटीहरू राम्रा नलागेको भनेको पनि होइन, राम्रा त छन् नि! जेब्रा क्रसिङमा आमनेसामने भएकी त्यो केटी कम्ता राम्री थिई। अझै त्यो भेस्पाबाट मलाई लेकसाइडको बाटोमा ओभरटेक गरेकी त्यो केटी त झन् कति राम्री हो राम्री। एक पटक कलेजमा पढ्ने सिनियर पनि कस्ती राम्री लाग्थ्यो। जोडीहरूलाई आकाशको जून जस्तो म अविवाहितलाई सबै केटी राम्रो लाग्थ्यो। सबै केटी राम्रा हुँदैनन्, राम्रा जति हाम्रा हुँदैनन् भने जस्तो मलाई राम्रो लागेका केटीहरूको कि त बिहे भइसकेको हुन्थ्यो कि तिनीहरूको लभ परेको।

सिङ्गल हुँ भन्दा केटीहरू त टाढाको कुरा आफ्नै साथीहरूले त पत्याउँदैनन्। 'खुब, एउटी हैन यसको त कति वटी होलान्!' प्रायः सबैका साथीहरूको मुखबाट निस्कने वाक्य भन्दा फरक नपर्ला। बरु मैले चिया पिउन छोडेँ भन्दा पत्याउलान् तर मेरो कसैसँग लभ परेको छैन भन्दा पत्याउँदैनन्।

नारायण गोपालको गीत 'मुटुमाथि ढुङ्गा राखी हाँस्नु पऱ्या छ' भन्ने कुरा मेरो जिन्दगीमा मज्जाले मेल खाइराख्या हुन्छ। जब जब लभ अनि सम्बन्धको कुरा सुरु हुन्छ, तब बज्छ भायोलिनको ब्याकग्राउन्ड म्युजिक मेरो मनमा अनि कुँडिन्छ मन एकोहोरो, हतारिए जस्तो, हुत्तिए जस्तो। हो भिरालो बाटोमा हुत्तिन्छन् यादहरू, भावनाहरू र शब्दहरू।

कुनै केटी राम्रो लाग्नु नौलो कुरा होइन, नौलो त तब लाग्छ जब साथीहरूलाई बढाइ चढाइ गफ लगाइन्छ। उता उसलाई फेसबुकको रिक्वेस्ट सेन्ट गरेपछि सुरु हुन्छ सम्बन्धका पिल्लर जोडिन। नगरपालिकाले नक्सा पास नगरेजस्तो उसले फ्रेन्ड रिक्वेस्ट एसेप्ट नगरेकै कारण मेरो मायाको घर बन्न नसकेको, सायद।

'सधैँ उसलाई देख्न मन लाग्नु, भेट्न मन लाग्नु, चौबिसै घण्टा ऊसँगै बोल्न मन लाग्नु, उसकै बारेमा सोचेर बस्नु। हो यस्तै त हुन् मायाका लक्षण,' मेरो ब्याचलर पढ्ने साथीले एक पटक भनेकै थिइन्।

यस्तो हो भने त मेरो पनि लभ परेको हो कि!

हो, म सूर्य अनि ऊ चन्द्रमा जस्तै एउटै आकाशमा भए पनि भेट हुने सम्भावना शून्य। भेट्ने चाहना त कति हो कति तर 'के काम छ र!' हो, यो वाक्य नै मेरो लागि चन्द्रमा र सूर्य बिचको दूरी जस्तो लाग्थ्यो। यसैले बढाइरहेको थियो दूरी, उसको उपस्थितिको अनि मेरो पर्खाइको। भेट नभएको पनि होइन, उसलाई अगाडि देख्दा मुहार पूर्णिमाको जून जस्तो बनिहाल्थ्यो अनि उसको प्रतिशोधले औँसीको जून जस्तो कालो अनि एक्लो छ कि नाइँ थाहा नै नहुने।

हरेक भेटमा म मूल्याङ्कन गर्छु उसका आँखालाई, उसको मुस्कानलाई र सुन्दरतालाई जसले मेरो मनमा एक किसिमको तरङ्ग ल्याउँछ। हो, ती तरङ्गसँगै किनारा लाग्छन् मेरा मायाका शब्द अनि भावहरू। साँच्चै सुन्दरतामा उसले पिएचडी पास गरेकी छ। अनि म एसएलसी फेल। मलाई उसको सुन्दरताको वर्णन गर्नुभन्दा पनि उसमा डुब्न मन लाग्छ। मलाई डुब्न मन छ उसमा अनि उसको मायामा। जसरी बिस्कुट चियामा डुब्छ, जसरी बाती दियोमा अनि टाइटानिक पानीमा डुबे जसरी।

इच्छा अनि सपनाहरूको कुनै सीमा हुँदैन तर मेरो एउटै इच्छा उसको हुन मन छ र एउटै सपना उसलाई आफ्नो बनाउनु छ। काल्पनिक कुराहरूले दिमाग भरिएको हुन्छ, मन भने सधैँ रित्तो अनि एक्लो। ऊप्रतिको चाहनाभन्दा पनि उसको बेवास्ताले मेरो मन बरालिनु कुनै फरक कुरा पनि होइन। मान्छेहरू भन्छन् नि, मायामा पागल हुनु। हो, मलाई पनि पागल हुनु छ उसको मायामा तर चाहना यही छ कि मेरो मायाको अन्त्यमा ऊ मेरो साथमा हुनुपऱ्यो। एकतर्फी मायामा छुट्टै मज्जा, न ऊ रिसाउने न त मैले फकाउनु नै पर्ने बाध्यता। तर डर भने कति हो कति।

हृदयका भावनाहरू हरेक पटक मोबाइलको किबोर्डमा टाइप त हुन्छन् तर पठाउन सक्ने हिम्मत भने आजसम्म भएन। उसलाई भन्न नसकेका ती शब्दहरूको हरेक पटक हत्या हुन्छ, किबोर्डको ब्याकस्पेस नामक हतियारबाट। तर हरेक पटक सेन्ट नामको त्यो सम्झौता गरिदिने बटन छुने प्रयास भने गरिरहेको छु।

चिया र ऊ, मलाई उस्तै-उस्तै लाग्छ। न चिया खाएर मेरो पेट भरिन्छ न त उसलाई हेरेर। हो म उसलाई हेरेर कहिल्यै थाक्दिनँ। किनकि उसको मुहार अनि मुस्कान मेरो जीवनको अदृश्य प्रकाश बनिसकेको छ। उसको उपस्थितिले मेरो हृदयलाई प्रेमको नयाँ अर्थ दिएको छ, जसको गहिराइलाई म शब्दमा व्यक्त गर्न सक्दिनँ। उसको आँखामा मैले देखेको संसार मेरो आत्मा भित्रको सबैभन्दा मिठो वास्तविकता हो।

अब त ऊबिना यो संसार सुन्निएको, बेरङको लाग्दै छ। ऊ मेरो हृदयको सङ्गीत बनिसकेकी छ। उसलाई थाहा छैन तर पनि ऊ मेरो हृदयको हरेक धड्कनमा सँगै छे। नोटिफिकेसन प्यानलमा उसको म्यासेज या रियाक्ट देख्दा १० म्याग्निच्युट बराबरको कम्पन मेरो शरीरमा आउँछ। यही कारण होला म उसको प्रोफाइल हदभन्दा ज्यादा हेरिरहेको हुन्छु, घुरिरहेको हुन्छु। उसको प्रोफाइल अनि उसका ती पोस्टहरूमा ।

उसलाई मेरो प्रेमको वास्तविकता बुझाउन सक्ने शब्दहरू म खोजिरहेको छु, तर सायद शब्द भन्दा पनि उसको उपस्थितिले मात्र यसलाई महसुस गर्न सक्छ।

ऊसँगका केही पल मेरो जीवनको न्यानो पल हुन् भन्दा फरक मान्दिनँ जसलाई म सदैव सम्झिरहन्छु।

'के हामी दिनदिनै भेट्न मिल्छ? दश मिनेट मात्र? नत्र एक कप चिया खाएपछि छुटिहालौँला!' म नियमित उसलाई भेट्न उत्सुक हुन्थेँ तर उसले मेरो त्यो भावना बुझ्नु धेरै परको कुरा जो थियो। एक पटक त जे पर्छ पर्छ मनको कुरा भन्छु भन्ने ख्याल नआएको पनि होइन। ऊ टाढिने पो हो कि भन्ने डर अनि ऊप्रतिको झुकाव यही त छ आजकल।

रहर मात्र हो देखाउन मिल्ने, जिम्मेवारी त कहाँ सकिन्छ र देखाउन! यो जिन्दगीको जिम्मेवारीहरूमा ऊ पनि थपिएकी छे। उसलाई नै घरकी बुहारी बनाउनु छ, दिदी-बहिनीकी भाउजू अनि बुहारी। अनि एक दर्जन साथीहरूकी भाउजू। हो, मलाई यो जिम्मेवारी पनि पूरा गर्नु छ कि ऊ नै मेरी हो र म नै उसको हो भन्ने कुरामा कुनै शंका नहोस्, अनि संकोच पनि।

म मेरो जीवनको ब्यालेन्स सिटमा उसलाई सम्पत्तिमा राखेर उसका चाहनाहरूलाई दायित्व मानी बुवा-ममीको मायालाई प्रतिधारित आयमा राखेर अघि बढ्न चाहन्छु। होला, केही सपना खराब ऋण जस्तै हुन सक्छन्; अज्ञात अनि अपूर्ण। तर म उसलाई पेटी फन्ड जस्तो सदैव साना-साना मायाका गिफ्टहरूले खुसी बनाउने छु। हरेक सफलतामा ऊसँगै रमाउन चाहन्छु अनि हारमा रुन। तर यो कुरामा दुई मत छैन कि उसलाई पाएपछि म कुनै कुरामा हार्ने वाला पनि छैन। मायाको धागो नगाँसिन्जेल पो काँचो, माया गाँसेपछि त बलियो डोरी बन्नेछ।

अमेरिकाको सपना त्यागेर स्वदेशमै व्यवसाय

विर्तामोड(प्रस) । अहिले युवा पुस्तामा १२ कक्षा सक्नेवित्तिकै विदेश जाने लहर छ । तर, झापा गाउँपालिका-६, झाँटी घर भएका एक जना युवाले भने विदेश छाडेर आफ्नै ठाउँमा व्यवसाय गर्ने जमर्को गरेका छन् ।

२३ वर्षीय मञ्जील पोखरेल वैदेशिक रोजगारीका लागि दुबई गए । साथीहरुसँग मिलेर त्यहीँ आईटी कम्पनी खोले र त्यहीँबाट अमेरिका जाने प्रक्रियासमेत सुरु गरे ।

‘साथीहरु मिलेर कम्पनी चलाइरहेका थियौं, पछिल्लो समय दुबईबाटै अमेरिकाका लागि एप्लाई गरिरहेका थियौं’, उनी सम्झन्छन्, ‘विजनेस गरिरहेकाले कम्पनीको ट्रान्जेक्सनअनुसार अमेरिका जानलाई गाह्रो पनि रहेनछ, केही साथीहरु त्यसैगरी गइसकेका थिए ।’ सबैको उद्देश्य विजनेस भिसामा अमेरिका छिर्ने र त्यतै बस्ने थियो ।

अरु साथीहरुझैं उनी पनि दुबईस्थित अमेरिकी दूतावासबाट भिसा अन्तरवार्ताको मिति लिएर बसेका थिए । पर्खाइको अवधिमा कोठामा रहँदा उनले घरतिर सम्झिए । दुबईमै राम्रै आम्दानी भइरहेको सम्झिए ।

घरमा काका-ठूलोबुबाका हरेक घरबाट एकजना विदेशतिर हानिएको सम्झिए । सबैका घरमा बुबाआमा मात्र एक्लै भइरहेको सम्झिए ।

‘अनि मलाई लाग्यो, सबै विदेश मात्र जाने ? आफ्नै ठाउँमा केही गर्न नसकिने नै हो ?’, मञ्जील भन्छन्, ‘अमेरिका छिरेपछि फेरि कहिल्यै फर्किएर आइन्छ जस्तो पनि लागेन । बरु घरमा भए अलि दुःख होला तर, दुबईमा कमाएजति त कमाइ होला नि भन्ने लाग्यो ।’ त्यसपछि उनको मञ्जील फेरियो, दुबई हुँदै अमेरिकाको सपना देखिरहेका उनले फेरि आफ्नै गाउँ फर्किने निधो गरे ।

SHIKHAR HOME DECOR
KNP NEROLAC HEALTHY HOME PAINTS
SHIKHAR PLY
Full Interior Decoration
SHIKHAR HOME DECOR 9806025660

झापा गाउँपालिका-६ का पूर्व वडा सदस्यसमेत रहेका बुबा मोहन पोखरेलसँग आफ्नो योजना सुनाए । आफ्नै ठाउँमा केही गर्ने छोराको योजना सुनेपछि स्थानीय एमाले नेतासमेत रहेका पोखरेल पनि उत्साहित भए ।‘ परिवारमा व्यवसायसँग कोही पनि अहिलेसम्म जोडिएका थिएनन्, छोराले गर्छु भनेपछि खुशी लाग्यो’, उनी भन्छन् । त्यसपछि मञ्जीलको योजनाअनुसार, व्यवसाय गर्ने योजनाको खोजी सुरु भयो ।त्यसक्रममा एक जना साथीमार्फत चिनजान भएका प्लाई व्यवसायीसँग उनको सम्पर्क भयो । पछि गुणस्तरीय प्लाई उत्पादनमा चिनिएको शिखर प्लाईको झापा डिलर खोल्ने निष्कर्षमा मञ्जील पुगे । त्यहीअनुसार, उनले हजुरबुबा छविलाल र आमा विष्णुमायाको उपस्थितिमा शनिबार विर्तामोडको भद्रपुर रोडमा ‘शिखर होम डेकोर’ उद्घाटन गरेका छन् ।

मञ्जिलका अनुसार, ‘शिखर होम डेकोर’ झापाका लागि शिखर प्लाईको मुख्य विक्रेता भएपनि पसलमा घर निर्माणका लागि आवश्यक सिमेन्ट र रडबाहेकका हरेक सामग्री पाइन्छ ।

‘मोडुलर किचन, किचन डेकोरेसन, ढोका, फर्निचर आइटम, केएनपी नेरोल्याक पेन्ट्सलगायतका सामान राखिएको छ’, उनले भने, ‘पसलमा जम्मा लगानी करिब ३० लाख पुगिसकेको छ ।’

कक्षा १२ सकिनेवित्तिकै दुबई गएपछि उनले पढाइलाई निरन्तरता दिन पाएका थिएनन् । तर, एक वर्ष पनि त्यहाँ नबसी स्वदेश फर्किएपछि उनी बिर्तामोडमै कुनै कलेजमा भर्ना भएर पढाइलाई समेत निरन्तरता दिने तयारीमा छन् । दुबई जानुअघि काठमाडौंमा रहँदा उनले ‘वाटर एटीएम’मा पनि काम गरेका थिए । उपत्यकाका विभिन्न ठाउँमा राखिएका वाटर एटीएम बुथमा एक रुपैयाँको डलर राखेपछि कप थापेर ‘ फिल्टर’ गरिएको पानी पिउन पाइन्छ ।

वैदिक साकोसको १३ औं साधारणसभा सम्पन्न

भद्रपुर(प्रस) । भद्रपुर १० स्थित वैदिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १३ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष प्रकाश निरौलाको अध्यक्षता तथा भद्रपुर १० नम्बर वडाध्यक्ष टेकबहादुर खड्का काजीको प्रमुख आतिथ्यमा उत्कृष्ट सम्मान, वार्षिक प्रगति विवरण पेशलगायतका गतिविधिका साथ सभा सम्पन्न भएको हो ।

सचिव विदुर ढुंगानाले सञ्चालन गरेको कार्यक्रममा अध्यक्ष निरौलाले संस्थाको वार्षिक प्रगति विवरणसहित २८० महिला, ३१३ पुरूष गरी ५९३ शेयर सदस्य तथा ४८ लाख १६ हजार २०० शेयर पूँजी रहेको विवरण प्रस्तुत गर्दै नीति तथा कार्यक्रम पेश गरेका थिए ।

उत्कृष्ट सञ्चालक सम्मानबाट कोषाध्यक्ष मञ्जु खतिवडा अधिकारी, उत्कृष्ट बचत कारोवार सम्मानबाट गोपाल थापा मगर र उत्कृष्ट ऋण कारोवार सम्मानबाट स्मिता गुरूङ तथा जेष्ठ सदस्य सम्मानबाट असारी राजवंशीलाई सम्मान गरिएको थियो । कार्यक्रममा कोषाध्यक्ष मञ्जु खतिवडाले आर्थिक प्रतिवेदन पेश गर्दै दुई करोड ६५ लाख ५८ हजार २०८ रूपैयाँको वार्षिक कारोवार तथा सञ्चालन मुनाफा पाँच लाख ८३ हजार ४३७ रूपैयाँ रहेको जानकारी दिइन् । लेखा समिति संयोजक मुरारी न्यौपानेले प्रतिवेदन प्रस्तुत गर्दै संस्थाको कारोवार सहकारी सञ्चालन मापदण्डअनुकूल रहेको जानकारी दिएका थिए । उपाध्यक्ष डिल्लीराम अधिकारीले स्वागत गरेको कार्यक्रममा ज्ञानोदय शिक्षक सहकारीका गोकुलराज न्यौपाने, प्रकाश एकता कृषि सहकारीका अध्यक्ष गोपालप्रसाद श्रेष्ठ, नेपाल लेखापढी कानुन व्यवसायी एशोसिएसन भद्रपुरका अध्यक्ष लावण्यकुमार पोखरेल, विभूति विद्या मन्दिर चन्द्रगढीका प्रिन्सिपल गोविन्द लम्साललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

बिर्तामोड ताप्लेजुङ गोल्डकपको फाइनलमा पुग्न सकेन

झापा(प्रस) । उपाधिको दाबेदार मानिएको टोली बिर्तामोड युनाइटेड एफसी झापालाई रोक्दै सिरहाको सलहेश युवा क्लब ताप्लेजुङमा जारी अन्तर्राष्ट्रिय आमन्त्रण दोश्रो ताप्लेजुङ गोल्डकपको फाइनलमा प्रवेश गरेको छ ।शनिवार भएको अन्तिम सेमिफाइनल खेलमा टाइब्रेकरमा बिर्तामोडलाई ४-२ गोलअन्तरमा पराजित गरेर सिरहा फाइनलमा प्रवेश गरेको हो । खेलको निर्धारित ९० मिनेट र अतिरिक्त १५ मिनेटमा पनि दुवै टोलीले १-१ गोलको बराबरी खेलेका थिए । खेलको १८औँ मिनेटमा सिरहाका लागि जोन ग्लोरीले गोल गर्दै अग्रता दिलाएका थिए । तर, आफ्नै टोलीका सदस्य सेवेले आत्मघाती गोलको उपहार दिएपछि झापा बराबरीमा आएको थियो । खेलको ५६औँ मिनेटमा सेवेले आफ्नै पेनाल्टी एरियामा हेड फ्लिक गर्दा झापा खेलमा फर्किएको थियो । १०५ मिनेटमा पनि खेलको निर्णय हुन नसकेपछि टाइब्रेकरमा धकेलिएको हो । टाइब्रेकरमा बिर्तामोडका निमा तामाङको प्रहार सिरहाका गोलरक्षक प्रदिप भण्डारीले रोकेका थिए भने सौरभ लिम्बूको प्रहार गोलपोस्टमा लाग्दै भित्रियो । हिसुब थपलिया र रोहन कार्कीको प्रहारमात्र गोलमा परिणत भएको थियो । यसैगरी, सिरहाका श्रृजन क्षेत्रीको प्रहार आकासिँदा प्रवेश दनुवार, जय गुरुङ, सन्तोष खत्री र आदित्य शाक्यको प्रहार गोलमा परिणत भयो । खेलको म्यान अफ द म्याच गोलरक्षक प्रदिप भण्डारी भए । उनले नगद ५ हजार पाए । योसँगै फाइनलका लागि सिराहाले मोरङको सगरमाथा युथ क्लबसँग भेट पक्का गरेको छ । पहिलो सेमिफाइनल खेलमा ताप्लेजुङको संघर्ष स्पोर्टिङ युवा क्लबलाई २-१ गोलले पराजित गर्दै मोरङ फाइनलमा प्रवेश गरेको हो । भदौ १० गते हुने फाइनलको विजेताले ५ लाख र उपविजेताले २ लाख ५० हजार ५ सय ५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर,
जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत
कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना
३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा
नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

दमक अस्पतालमा आयो लाखौंका स्वास्थ्य सामग्री

दमक(प्रस) ।दमक नगरपालिकाले सञ्चालन गरेको दमक नगर अस्पतालका लागि संघीय सरकारबाट लाखौं रुपैयाँका बिभिन्न स्वास्थ्य सामग्रीहरु प्राप्त भएको छ । नगर उपप्रमुख रेगिना भट्टराईको बिशेष पहलमा संघीय सरकारको स्वास्थ्य मन्त्रालयबाट प्राप्त सामग्रीहरु शनिवार दमक आइपुगेको छ । नगर उपप्रमुख भट्टराई हाल काठमाण्डौमै रहेर दमकका सामुदायिक विद्यालय तथा अस्पतालका लागि आवश्यक सहयोग माग गरिरहेकी छन् ।सोही क्रममा दमक अस्पतालका लागि स्वास्थ्य मन्त्रालयसंग माग गरिएका सामग्रीहरु दमक आइपुगेको हो । अस्पतालको सेवा थप गर्नेगरी सामानहरु आएको उपप्रमुख भट्टराईले बताइन् । ६ सेट डायलोसिस मेसिनसमेत स्वास्थ्य मन्त्रालयले उपलब्ध गराएकोमा मापदण्ड अनुसार दमक अस्पताल ५० बेडको नहुँदा उक्त मेसिन ल्याउन नसकिएको उनले बताइन् । डायलोसिस मेसिन ल्याउन सकेको भए ठुलो उपलब्धि हुने भएपनि सरकारी मापदण्डमा नपर्दा ल्याउन नसकिएको उनले बताइन् । ।

शनिवार आएका सामानहरुमा १० वटा बेड, भिडियो एक्स-रे मेसिन एउटा, डेलिभरी बेड एउटा, पोष्टमार्टम सेट एउटा, सक्सन मेसिन १ सेट, ईसिजी थ्री डिजिटको १ सेट, इएनटी अप्रेसन १ सेट, सिटिजी कार्डियोग्राफी मेसिन १ सेटलगायत रहेको अस्पतालका स्टोर प्रमुख श्याम राजवंशीले जानकारी दिए । करिब ३० लाख रुपैयाँ पर्ने सामानहरु प्राप्त भएको उनले बताए । अस्पताललाई आवश्यक सामानहरु आइपुगेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्ण शाहले बताए । प्राप्त सामग्रीबाट अस्पतालको सेवालाई थप प्रभावकारी बनाउने भन्दै उनले यसले नगरबासीको स्वास्थ्य उपचारमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१९

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

वृष रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

मिथुन छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

कर्कट आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

सिंह प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

कन्या महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

तुला आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

वृश्चिक आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

धनु आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

मकर मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

कुम्भ आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

मिन दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।